**कठिन अवस्थाहरूमा गाडी चलाउने**

- पूरै सामानहरू भएको विन्टर इमर्जेन्सी कार किट (तल) राख्नुहोस्।
- आफ्नो ग्याँस ट्याङ्की कम्तीमा पनि आधा भरेर राख्नुहोस्।
- गाडीमा पर्याप्त ट्रेड र प्रेसर भएको जाडोका राम्रा टायरहरू लगाउनुहोस्।
- बरफ र हिउँ हटाउनका लागि विन्डशील्ड स्क्रेपर र सानो कुचो राख्नुहोस्। सबै झ्याल, टेललाइट र हेडलाइटहरूमा हिउँ र बरफ जम्मा हुन नदिनुहोस्।
- आफ्नो एन्टिफ्रिज, ब्याट्री, विन्डशील्ड वाइपर र वाइपर फ्लुइड जाँच गर्नुहोस्।
- सावधानीपूर्वक यात्राहरूको योजना बनाउनुहोस्, पछिल्लो जानकारीका लागि मौसम पूर्वानुमान जाँच गर्नुहोस् र तपाईंले यात्रा गर्दा अपडेट रहनका लागि रेडियो सुन्नुहोस्।
- अरूलाई तपाईंको समयतालिका र प्राथमिक तथा वैकल्पिक मार्गहरूका बारेमा थाहा दिनुहोस्। आफ्नो गन्तव्यमा पुग्न अतिरिक्त समय लिनुहोस्।
- बिस्तारै जानुहोस्, ब्ल्याक आइस अर्थात् कालो बरफ जस्ता खतराहरू धेरै ढिलो नभएसम्म देखिँदैनन्। पुल र ओभरपासहरू सडकभन्दा चाँडो जम्न (छिट्टै बरफ भरिन) सक्छन् भन्ने कुरा याद राख्नुहोस्।
- थप सतर्क रहनुहोस्। बरफको चाङ र सडक छेउमा जम्मा हिउँमा बालबालिका वा अन्य सवारी साधनहरू नदेखिन सक्छन्।
- सुरक्षित रूपमा काम गर्न दिनका लागि स्नोप्लोलाई प्रशस्त ठाउँ छोडिदिनुहोस्। धैर्य राख्नुहोस् र सुरक्षित दूरीको पालना गर्नुहोस्।
- तपाईं हिउँको आँधीमा सडकभन्दा बाहिर जानुभएमा
  - आफ्नो सवारी साधनमै रहनुहोस् जहाँ उद्धारकर्ताहरूले तपाईंलाई भेट्टाउने सम्भावना बढी हुन्छ। आफ्नो इन्जिन बन्द गर्नुहोस् र तपाईंले सुरक्षित तरिकाले गर्न सक्नेभएमा हिउँ वा अन्य अवरोधहरूलाई हटाएर आफ्नो एग्जस्ट (निकास) पाइपलाई सफा राख्नुहोस्।
  - न्यानो राख्न प्रत्येक घण्टा लगभग 10 मिनेटका लागि इन्जिन र हिटर चलाउनुहोस्। इन्जिन चलिरहेको बेला भेन्टिलेसनका लागि झ्याललाई थोरै खोल्नुहोस्। बीचबीचमा एग्जस्ट पाइपबाट हिउँलाई सफा गर्नुहोस्।
  - निर्जलीकरणबाट बच्न तरल पदार्थ पिउनुहोस्।
  - ब्याट्रीको पावर खेरा नफाल्न सावधान रहनुहोस्। विद्युतीय ऊर्जाका आवश्यकताहरूलाई सन्तुलित राख्नुहोस्: बत्ती, ताप र रेडियोको प्रयोग।
  - हिउँ पर्न बन्द भएपछि, तपाईंलाई मद्दत आवश्यक परेको छ भनेर सङ्केत गर्न हुडलाई माथि उठाउनुहोस्।

**<u>आपत्कालीन कार किट:</u>**

- अतिरिक्त ब्याट्रीहरू सहितको फ्ल्याशलाइट
- चार्ज गरिएको सेल फोन/अटोमोबाइल चार्जर
- आधारभूत प्राथमिक उपचार किट
- पकेट चक्कु
- बलाङ्केट वा स्लिपिङ ब्याग
- अतिरिक्त लुगाहरू (पानी पर्दा लगाउने गियर, जुत्ता, मिटन, मोजाहरूलगायत)
- उच्च क्यालोरी भएका नबिग्रने खानेकुराहरू (सुख्खा फलफूल, बदाम, डिब्बामा राखिएका खानेकुरा)
- विन्डशील्ड स्क्रेपर र ब्रश
- आगो निभाउने यन्त्र
- बेल्चा
- आधारभूत टुल किट (पिलास, रेन्ची, स्क्रू ड्राइभर)
- टो रोप
- ब्याट्री जम्पर केबलहरू
- रोड फ्लेयर/रिफ्लेक्टरहरू
- झण्डाको रूपमा प्रयोग गरिने चम्किलो रङको कपडा
- बाटोको नक्सा